प्रेस विज्ञप्ति

यस मन्त्रालयले राष्ट्रिय अपाङ्ग महासंघ नेपालको समन्वय र सहकार्यमा संयुक्त राष्ट्र संघले तय गरेको **"Leadership and participation of persons with disabilities toward an inclusive, accessible and sustainable post-COVID-19 world."** भन्ने अन्तराष्ट्रिय नारा र "हाम्रो प्राथमिकताको आधार, अपाङ्गता भएका व्यक्तिको अधिकार" भन्ने राष्ट्रिय नाराका साथ सन् २०२१ डिसेम्बर ३ तदनुसार २०७८ मंसीर १७ गते भर्चुअल कार्यक्रम मार्फत यस वर्षको अपाङ्गता भएका व्यक्तिहरूको ३० औं अन्तर्राष्ट्रिय दिवस मनाउने कार्य सम्पन्न गरेको छ।

यो दिवस संघ, प्रदेश र स्थानीय तहमा सप्ताहव्यापी रुपमा अपाङ्गता भएका व्यक्तिहरुको हक अधिकार संरक्षण र सम्वर्द्धनका लागि विभिन्न चेतनामूलक, सन्देशमूलक, शुभकामना आदानप्रदान र छलफल तथा अन्तरक्रिया सहितका कार्यक्रमहरु साप्ताहिक रुपमा मनाइदै छ ।

महिला, वालवालिका तथा ज्येष्ठ नागरिक मन्त्रालयका श्रीमान सचिवज्यूको अध्यक्षतामा भएको अपाङ्गता भएका व्यक्तिहरूको ३० औं अन्तर्राष्ट्रिय दिवसको मूलकार्यक्रमका प्रमुख अतिथि महिला वालवालिका तथा ज्येष्ठ नागरिक मन्त्रालयका माननीय मन्त्री उमा रेग्मीज्यू रहनु भएको थियो । त्यस्तै गरी सो कार्यक्रममा राष्ट्रिय अपाङ्ग महासंघका अध्यक्ष, राष्ट्रिय समावेशी आयोग, राष्ट्रिय दलित आयोग लगायत सवै आयोगहरु, विभिन्न मन्त्रालयका प्रतिनिधिहरु, समाज कल्याण परिषद्, राष्ट्रिय वाल अधिकार परिषद् लगायत सरोकारवाला संघ संस्थाहरुका प्रतिनिधिहरुज्यूहरुको भर्चुअल उपस्थितिमा दिवस सम्पन्न गरिएको थियो ।

कार्यक्रममा मन्त्रालयका सह सचिव श्री रोशनी कुमारी श्रेष्ठले कार्यक्रमका प्रमुख अतिथि विशेष अतिथि लगायत सवै उपस्थित सहभागीज्यूहरुलाई स्वागत गर्नु हुँदै अपाङ्गता भएका व्यक्तिहरुको ३० औं अन्तर्राष्ट्रिय दिवसको अवसरमा सम्माननीय राष्ट्रपतिज्यू र सम्माननीय प्रधानमन्त्रीज्यूले दिनु भएको शुभकामना सन्देशहरु वाचन गर्नु भएको थियो।

कार्यक्रमका प्रमुख अतिथि एवं माननीय मन्त्रीज्यूवाट अपाङ्गता स्रोत पुस्तिका, २०७८ र राष्ट्रिय प्रतिवेदन, २०७८ विमोचन गर्नु भएको थियो। अपाङ्गता भएका व्यक्तिहरुलाई सेवा, सुविधा र संरक्षण एवम् अधिकारको सुनिश्चितताका निम्ति ऐन नियम र कानुनको प्रभावकारी कार्यन्वयनमा जोड दिनु पर्ने, अपाङ्गता भएकै कारण स्पाइनल कर्ड इन्जुरी भएका व्यक्तिहरुलाई स्वास्थ्य उपचार र सामानहरुको लागि मासिक ५ हजार सुविधा दिने निर्णय सरकारले गरेको, अपाङ्गता भएका व्यक्तिहरुलाई सहायक सामाग्री उत्पादन र वितरण विषयमा स्वास्थ्य मन्त्रालयसँग समन्वय र

सहकार्य गर्ने, अपाङ्गता भएका व्यक्तिको अधिकारलाई मन्त्रालयले प्राथमिकताको रुपमा राखेर अगाडि वढने, अनुगमन र मूल्याङ्कनलाई प्रभावकारी वनाउने र आगामी दिनमा अपाङ्गता भएका व्यक्तिको सेवा सुविधा र अधिकारका लागि राष्ट्रिय अपाङ्ग महासघंसँग समन्वय र सहकार्य गरी अगाडि वढने प्रतिवद्धता सहित ३० औ अन्तर्राष्ट्रिय अपाङ्गता दिवसको शुभकामना व्यक्त गर्नु भएको थियो ।

राष्ट्रिय अपाङ्ग महासघंसका अध्यक्ष एवं कार्यक्रमका विशेप अतिथि श्री मित्रलाल शर्माज्यूले अपाङ्गता भएका व्यक्तिहरुको अधिकार संरक्षण र सेवा सुविधा सुनिश्चतताका लागि कार्यान्वयनमा आएका ऐन नियम हाम्रो लागि ठूलो उपलव्धी रहेको र निजामती सेवा ऐनले व्यवस्था गरेको ५ प्रतिशत आरक्षणको संरक्षण, प्रादेशिक र स्थानीय अस्पतालवाट नै सहायक सामाग्री उत्पादन र वितरण गर्ने व्यवस्था मिलाउने, सशक्तिकरण र दीर्घकालिन योजना निर्माण र कार्यान्वयनमा जोड दिनुपर्ने लगायत संयक्त राष्ट्र संघले जारी गरेको अपाङ्गता भएका व्यक्तिहरुको अधिकार सम्वन्धी महासन्धीको प्रतविदेन समयमा पेश गर्न हामी सवैको दायित्व रहेको कुरा व्यक्त गर्नु भएको थियो ।

महिला, वालवालिका तथा जेष्ठ नागरिक मन्त्रालयका श्रीमान सचिव एवं कार्यक्रमका अध्यक्ष यामकुमारी खतिवडाज्यूले सन् १९९२ वाट अपाङ्गता दिवस मनाउन शुरु भएको हो । आज ३० औं दिवस मनाइ रहेका छौं ।अपाङ्गता भएका व्यक्तिका हक, अधिकार, संरक्षण, विकास र सशक्तिकरणलाई ध्यानमा राखी मन्त्रालयले कार्यक्रमलाई अगाढि वढाएको, अपाङ्गता भएका व्यक्तिका हक, अधिकार संविधानको मौलिक हकको रुपमा रहेको, कानून कार्यान्वयनका लागि मन्त्रालयले सरोकारवालाहरुसँगको समन्वय गरेर अगाडि वढने र निर्माण भएका कानून कार्यान्वयनमा जोड दिनुका साथै केही कानून निर्माण एवं परिमार्जनको चरणमा रहेका छन्। अपाङ्गता भएका व्यक्तिहरुलाई घर परिवारमा नै पुनःस्थापना गर्न र सहायक सामग्री निःशुल्क उपलव्ध गराउने कार्यमा प्रदेश र स्थानीय तहसँग सहजीकरण गर्न मन्त्रालय सधैं अग्रसर रहनेछ भन्ने प्रतिवद्धता व्यक्त गर्नुभयो। कार्यक्रमको अन्तिममा सम्वन्धित सवैमा ३० औं अन्तर्राष्ट्रिय अपाङ्गता दिवसको शुभकामना व्यक्त गर्दै कार्यक्रम समापन गर्नु भएको थियो ।

२०७८।०८।१६
उमेश ढुङ्गाना

प्रवक्ता/सह सचिव